# स्थानीय राजपत्र

कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ५, भागः२ संख्याः २०, मितिः२०७८/०८/२७ गते

## भाग-२

## कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

कञ्चन गाउँपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी कञ्चन गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### कञ्चन गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि,२०७८

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम कञ्चन गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि कञ्चन गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले कञ्चन गाउँपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) “शुल्क” भन्नाले गाउँ सभाले दिएको अधिकार प्रयोग गरी ऐनको दफा १६ बमोजिम कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाबाट जारी गरिएको फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्झनुपर्छ ।

(ग) “जैविक फोहोरमैला” भन्नाले सड्ने र प्राङ्गारिक मलको रुपमा प्रयोगमा ल्याउन सक्ने प्रकृतिको फोहोरमैला सम्झनु पर्छ ।

(घ) “अजैविक फोहोरमैला” भन्नाले सजिलै नसड्ने र पुनः प्रयोगमा ल्याउन सकिने वा नसकिने प्रकृतिका प्लास्टिक तथा धातुजन्य पदार्थ सम्झनु पर्छ ।

(ङ) “हानिकारक वा रासायनिक फोहोरमैला” भन्नाले स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका रासायनिक पदार्थ सम्झनु पर्छ ।

**३. सङ्कलन केन्द्र तोक्ने सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने फोहोरमैला सङ्कलन गर्न वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाले संकलन केन्द्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्रमा सङ्कलन भएको फोहोरलाई तपसिल बमोजिमको समय तालिका अनुसार उठाइनेछ ।

(क) जैविक फोहोर : हप्तामा तीन पटक

(ख) अजैविक फोहोर : महिनामा तीन पटक

तर सङ्कलन केन्द्र नतोकिएसम्म गाउँपालिकाले प्रत्येक घरबाट फोहोरमैला उठाउने व्यवस्था मिलाउन सक्नेछ ।

(३) प्रत्येक परिवारले सड्ने र नसड्ने फोहोरमैलालाई स्रोतमै वर्गीकरण गरी अलग-अलग गर्नु पर्नेछ ।

**४. फोहोरमैला व्यवस्थापनस्थल सम्बन्धी व्यवस्था :**

(१) सङ्कलनस्थलबाट उठाइएको फोहोरमैलालाई व्यवस्थित विसर्जन तथा प्रशोधन गर्नको लागि अर्को व्यवस्था नभएसम्म गाउँपालिकाले तोकेको उचित स्थानमा जैविक फोहोर र अजैविक फोहोरको छुट्टाछुट्टै विसर्जन स्थल निर्धारण गरिनेछ ।

**५.जथाभावी फोहोर फाल्न वा जलाउन नहुने :**

(१) कुनै व्यक्ति संस्था वा निकायले उत्सर्जन गरेको फोहोर तोकिएको सङ्कलन केन्द्र बाहेक कुनै सार्वजनिक स्थल वा अन्यत्र जथाभावी फाल्न वा जलाउन पाइने छैन ।

(२) कुनै व्यक्ति संस्था वा निकायले उत्सर्जन गरेको फोहोर तोकिएको सङ्कलन केन्द्र बाहेक कुनै सार्वजनिकस्थल वा अन्यत्र जथाभावी फाल्ने वा जलाउने कार्य गरेमा त्यस्तो व्यक्ति,संस्था वा निकायलाई ऐनको दफा २४ को (क) बमोजिम कसुर गरेको मानी सोही कसुर बमोजिम सजाय गरिनेछ ।

**६. सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था :**

(१) कञ्चन गाउँपालिका अन्तर्गत उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न गाउँपालिकाले घरधनी तथा व्यवसायीहरुसँग प्रति महिना अनुसूची-१ मा उल्लेख भए अनुसार फोहोरमैला व्यवस्थापन सेवा शुल्क उठाउनेछ ।

(२) गाउँपालिकाले उपदफा १ बमोजिम फोहोरमैला व्यवस्थापन सेवा शुल्क उठाउन कुनै फोहोरमैला व्यवस्थापनमा काम गर्ने संस्थासँग सम्झौता गरी कार्य गराउन सक्नेछ ।

६ (क). क्षेत्र वर्गीकरण : गाउँपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र सेवा शुल्क प्रयोजनको लागि अनुसूची-२ बमोजिम बजार क्षेत्र, बजार उन्मुख क्षेत्र र ग्रामीण क्षेत्र निर्धारण गर्नेछ ।

**७. छुट तथा पुरस्कार सम्बन्धी व्यवस्था :**

(१) कुनै व्यक्ति संस्था वा निकायले आर्थिक वर्षको सुरु महिना वा आर्थिक वर्ष शुरु नहुँदै वार्षिक रुपमा बुझाउनु पर्ने सेवा शुल्क एकमुष्ठ रुपमा बुझाएमा लाग्ने सेवा शुल्कको दश प्रतिशत छुट दिइनेछ ।

(२) कुनै व्यक्ति संस्था वा निकायले फोहोरमैला व्यवस्थापन कार्यमा उत्कृष्ट कार्य गरेमा गाउँपालिकाको निर्णय अनुसार उचित पुरस्कार प्रदान गरिनेछ ।

**८. विविध :**

यो कार्यविधि लागु गर्ने क्रममा कुनै बाधा व्यवधान परेमा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

## अनुसूची-१

कार्यविधिको दफा ५ सँग सम्बन्धित

**फोहर मैला व्यवस्थापन शुल्क विवरण संशोधित दररेट सहित**

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| आवास मात्र एक तलासम्म | १०० | ५० | ३० |
| बहु तला घरमा थप प्रति परिवार  थप | ३० | २० | १० |
| **व्यवसायिक** | | | |
| मदिरा पसल | १०० | ६० | ४० |
| हल्का पेय पदार्थ समेत | ८० | ४० | ३० |
| सुनचाँदी पसल | ८० | ४० | ३० |
| औषधी पसल सामान्य | १५० | १०० | ८० |
| एग्रोभेट पसल | १०० | ६० | ४० |
| स्टेशनरी पसल | १०० | ६० | ४० |
| मुद्रण सामग्री | १५० | १०० | ८० |
| कपी उद्योग | १५० | १०० | ८० |
| कस्मेटिक पसल | १०० | ६० | ४० |
| मोटर पार्टस तथा बडि बिल्डर्स सामाग्री | १५० | १०० | ८० |
| लुब्रिकेशन सेक्सन (मोविल ग्रीस आदि) तर्फ | ८० | ६० | ४० |
| प्लाइ तथा ग्लास हाउस | २०० | १५० | १०० |
| व्याग हाउस | १०० | ८० | ५० |
| धागो, टाँक, चुडी, शृङ्गार पूजा सामग्री पसल | ८० | ५० | २५ |
| ईलेक्टोनिक/कम्प्युटर पसल | १५० | १०० | ८० |
| ईलेक्टोनिक/कम्प्युटर मर्मत पसल | १२० | ८० | ६० |
| घडी रेडियो आदि | ८० | ६० | ४० |
| अडियो भिडिओ | ८० | ६० | ४० |
| **विद्युत सामग्री पसल** | | | |
| क. थोक | २०० | १५० | १०० |
| ख. खुद्रा | १०० | ७५ | ५० |
| हार्डवेयर, मेशिनरी, पेन्ट्स, सेनेटरी, मार्वल पसल | २०० | १५० | १०० |
| **पेट्रोलियम पदार्थ** | | | |
| क. ३ पम्प वा माथि | १५० | १०० | ७५ |
| ख. २ पम्प (डिलर समेत) | १२५ | ९० | ८० |
| ग. १ पम्प | १०० | ८० | ६० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| घ. ग्यास सिलिण्डर डिलर | १०० | ८० | ६० |
| ङ सव ग्यास डिलर | ८० | ६० | ४० |
| स्टिल आल्मुनियम पसल | २०० | १५० | १०० |
| फर्निचर उद्योग | २०० | १५० | १०० |
| फर्निचर पसल | १५० | १०० | ५० |
| डेकोर पसल | १०० | ८० | ६० |
| क. बस, ट्रक, ट्याक्टर, जिप, कार, भ्यान डिलर | २०० | १५० | १०० |
| ख. मोटरसाइकल डिलर | २०० | १०० | ७५ |
| घ. साइकल पसल | १५० | १०० | ७५ |
| ङ. रि-कन्डिसन हाउस तथा वर्क शप | २०० | १५० | १०० |
| च. टायर शोरुम | १५० | १०० | ७५ |
| ज. विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | १५० | १०० | ७५ |
| **दैनिक उपभोग्य वस्तु** | | | |
| क. खाद्य सप्लायर्स | १५० | १०० | ७५ |
| ख. गल्ला थोक | १५० | १०० | ७५ |
| ग. खाद्यान्न किराना थोक | १५० | १०० | ७५ |
| घ. खाद्यान्न किराना खुद्रा | १०० | ८० | ६० |
| ङ. साना किराना पसल | ८० | ५० | २५ |
| च. आलु, प्याज, लसुन थोक | १५० | १०० | ७५ |
| **फलफूल तथा तरकारी पसल** | | | |
| क. थोक | १५० | १०० | ७५ |
| ख. खुद्रा | १०० | ८० | ६० |
| ग. उखु जुस पसल | २०० | १५० | १०० |
| **कपडा पसल** | | | |
| क. थोक | १५० | १०० | ७५ |
| ख. खुद्रा | १०० | ८० | ६० |
| ग. फेन्सी पसल | १५० | १०० | ७५ |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | | |
| क इन्जिनियरिङ फर्म परामर्श सेवा | १०० | ८० | ६० |
| ख ल फर्म तथा कानुन परामर्श सेवा | १०० | ८० | ६० |
| ग. लेखा परीक्षण व्यवसाय तर्फ | १०० | ८० | ६० |
| **अनुसन्धान तथा परामर्श सेवा** | | | |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| क. अनुसन्धान फर्म | ८० | ६० | ३० |
| ख. बिमा कम्पनी | ८० | ६० | ३० |
| ग. शेयर एजेन्ट फर्म | ८० | ६० | ३० |
| घ. ढुवानी तथा ट्रान्सपोर्ट | १५० | १०० | ८० |
| ङ. सस्थागत पेन्टर्स | ८० | ५० | २५ |
| **भवन निर्माण** | | | |
| क. मिक्स्चर र सटरिङ सामान भएको | १०० | ८० | ६० |
| ख. सटरिङ सामान भएको मात्र भएको | १०० | ८० | ६० |
| ग. भवन निर्माण व्यवसायी | १०० | ८० | ६० |
| घ. वाटर ड्रिलिङ | १०० | ८० | ६० |
| **उत्पादन मूलक उद्योग** | | | |
| क. प्लास्टिक उद्योग (प्लास्टिक झोला उद्योग बाहेक) | २०० | १५० | १०० |
| ख. चप्पल उद्योग | २०० | १५० | १०० |
| ग. स्टिल आल्मुनियम, ग्रिल तथा स्टील सामग्री उद्योग | २०० | १५० | १०० |
| घ. फलामको ग्रिल उद्योग | २०० | १५० | १०० |
| ङ साबुन उद्योग क. वर्ग | २०० | १५० | १०० |
| च. जुत्ता उद्योग तथा सो रुम | २०० | १५० | १०० |
| छ. जुत्ता सो रुम मात्र | १५० | १०० | ८० |
| ज. जुत्ता मर्मत | १०० | ८० | ६० |
| झ. पशु आहार उद्योग | २०० | १५० | १०० |
| ञ. पशु आहार बिक्री केन्द्र | १०० | ८० | ६० |
| ट. पशु पन्छी पालन उद्योग | १०० | ८० | ६० |
| ठ. घरेलु कुटीर उद्योग | १०० | ८० | ६० |
| ड. अगरबत्ती, मैनबत्ती, टिकी, अचार तथा अन्य कुटीर | ८० | ६० | ४० |
| **कपडा तथा गार्मेट उद्योग** | | | |
| क. कपडा उद्योग | २०० | १५० | १०० |
| ख. ज्याकेट तथा व्याग उद्योग | २०० | १५० | १०० |
| ग. धागो उद्योग | २०० | १५० | १०० |
| घ. गार्मेन्ट उद्योग | २०० | १५० | १०० |
| ङ. ढाका उद्योग क. श्रेणी | २०० | १५० | १०० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| च. सिरक डसना उत्पादक | ३०० | २५० | १५० |
| छ. छाता, सलाई उद्योग | २०० | १५० | १०० |
| **पेय पदार्थ उत्पादन उद्योगः** | | | |
| क. मिनरल वाटर उद्योग | २०० | १५० | १०० |
| ख. आइस बरफ उद्योग | २०० | १५० | १०० |
| ग. आइसक्रिम उद्योग | २०० | १५० | १०० |
| घ. सोडा उद्योग | २०० | १५० | १०० |
| **भाँडा उद्योग** | | | |
| क. काँस, तामा, पित्तलका भाँडा उद्योग | १५० | १०० | ८० |
| ख. आल्मुनियम भाँडा उद्योग | १५० | १०० | ८० |
| ग. प्लास्टिक भाँडा उद्योग | १५० | १०० | ८० |
| घ. टिनको बाकस, बाल्टी उद्योग | १५० | १०० | ८० |
| **कुटानी पेलानी** | | | |
| क. फलावर मिल | १५० | १०० | ८० |
| ख. सेलर मिल | १५० | १०० | ८० |
| ग. कुटानी पेलानी | १५० | १०० | ८० |
| घ. चिउरा मिल (खरानी र बालुवा नउठाउने गरी) | १५० | १०० | ८० |
| ङ. मसला उद्योग | १५० | १०० | ८० |
| डेरी उद्योग | १५० | १०० | ८० |
| **उपभोग्य वस्तु उत्पादन उद्योग** | १०० | ८० | ६० |
| क. कुकिज, पाउरोटी, नुडल्स उद्योग | १५० | १०० | ८० |
| ख. कन्फेक्सनरी उद्योग | १५० | १०० | ८० |
| ग. बिस्कुट उद्योग | १५० | १०० | ८० |
| घ. दालमोठ उद्योग | १५० | १०० | ८० |
| **वन जन्य उद्योग** | | | |
| क. स-मिल प्लाइउड उद्योग | २०० | १५० | १०० |
| ख. काठ बिक्री डिपो | १५० | १०० | ८० |
| ग. काठको फर्निचर उद्योग र सो रुम | २०० | १५० | १०० |
| घ. काठको फर्निचर सो रुम | १५० | १०० | ८० |
| ङ.बेत (बाँस) तथा ब्याम्बो सो रुम | १५० | १०० | ८० |
| **कंक्रिट तथा गिट्टी उद्योग** | | | |
| क. कंक्रिट ब्लक उद्योग | १५० | १५० | १५० |
| ख. सेनेटरी उद्योग | १५० | १५० | १५० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| ग. गिट्टी चाल्ने सहित (क)श्रेणीको डबल प्लान्ट क्रेसर उद्योग | ३०० | २०० | १०० |
| **होटल तथा रेष्टुरा तर्फ** | | | |
| क. होटल, लज तथा रेस्टुरेन्ट (उच्च कोटी) हल भएको | ५०० | ४०० | ३०० |
| ख. होटल, लज तथा रेस्टुरेन्ट (उच्च कोटी) हल नभएको | ३०० | २०० | १०० |
| ग. होटल तथा लज | ३०० | २५० | २०० |
| घ. होटल तथा रेस्टुरेन्ट | ३०० | २५० | २०० |
| ङ. दोहोरी साँझ | ३०० | २०० | १०० |
| च.  पाटी प्यालेस | ५०० | ४०० | ३५० |
| छ. रेस्टुरेन्ट | १५० | १०० | ७५ |
| ज. भोजनालय | १५० | १०० | ७५ |
| झ. मिष्टान्न क्याटरिङ पसल समेत | १५० | १०० | ७५ |
| ञ. मिष्टान्न पसल | १५० | १०० | ७५ |
| ट. क्याटरिङ घरघरमा गर्ने समेत प्रति क्याटरिङ | ५०० | ४५० | ४०० |
| ठ. चिया कफी पसल | १५० | १०० | ७५ |
| ड.  फास्ट फुड एण्ड क्याफे | १५० | १०० | ७५ |
| ढ. टेन्ट हाउस | १५० | १०० | ८० |
| **सेवा उद्योग** | | | |
| क. अफसेट प्रेस | १०० | ८० | ६० |
| ख. स्क्रीन प्रिन्ट प्रेस | १०० | ८० | ६० |
| ग. लेजर प्रिन्ट प्ेरस | १०० | ८० | ६० |
| घ. सिनेमा हल | ३०० | ३०० | ३०० |
| ङ. फिल्म डिस्टीव्यूटर्स | १५० | १०० | ८० |
| च. कलर ल्याब सेवा | १०० | ८० | ६० |
| छ. भिडियो मिक्सिङ | १०० | ८० | ६० |
| ज. फोटो स्टुडियो | ८० | ६० | ४० |
| **सञ्चार** | | | |
| क. टेलिफोन, ट्रंकल, फ्याक्स, मोवाइल सेवा प्रदायक कम्पनी | १०० | ८० | ६० |
| ख. टि.भी. च्यानल प्रसारण | १०० | ८० | ६० |
| ग. केवल च्यानल प्रसारण | १०० | ८० | ६० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| घ. एफ एम प्रसारण | १०० | ८० | ६० |
| ङ. पत्रपत्रिका प्रकाशन सेवा | १०० | ८० | ६० |
| **कम्यूनिकेशन सेवा** | | | |
| क. टुर्स एण्ड ट्राभल्स सेवा | ८० | ६० | ४० |
| ख. फोटोकपी, पि.सि.ओ., साइबर तथा क्याफे | ८० | ६० | ४० |
| ग. कुरियर्स सेवा मुख्य कार्यालय | ८० | ६० | ४० |
| घ. कुरियर्स सेवा शाखा कार्यालय | ८० | ६० | ४० |
| **बैंक तर्फ** | | | |
| क. वाणिज्य बैंक | १०० | ८० | ६० |
| ख. विकास वैक | १०० | ८० | ६० |
| ग. फाइनान्स कम्पनी | १०० | ८० | ६० |
| घ. लघु वित्त कम्पनी | १०० | ८० | ६० |
| ङ. बिमा कम्पनीहरु | १०० | ८० | ६० |
| च. मनी एक्सचेन्जर | ८० | ६० | ४० |
| छ. वित्तीय सहकारी संस्था | ८० | ६० | ४० |
| **स्वास्थ्य सेवा व्यवसाय (हानिकारक फोहोर बाहेक साधारण फोहर मात्र)** | | | |
| क. गैर सरकारी अस्पताल तथा नर्सिङ होम | १५०० | १००० | ८०० |
| ख. एम आर आई, सिटि स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक र पोलि क्लिनिक | ३०० | २५० | २०० |
| ग. प्याथोलोजी | ५०० | ४०० | ३०० |
| घ. अक्यूपन्चर | १०० | ८० | ६० |
| ङ एक्सरे | १०० | ८० | ६० |
| च. चस्मा पसल | १०० | ८० | ६० |
| छ. निजी मेडिकल | ५०० | ४०० | ३०० |
| **शिक्षा सेवा** | | | |
| क. निजी क्याम्पस | २०० | १६० | १२५ |
| ख. निजी मा. वि. | २०० | १६० | १२५ |
| ग. निजी मा. वि.छात्रावास | १००० | ९०० | ८०० |
| घ. निजी आधारभूत | १५० | १२५ | ११० |
| ङ. पूर्व प्रा.वि., छात्रावास, मन्टेश्वरी | १५० | १२५ | ११० |
| च. पोलीटेक्निकल इन्टिच्युट प्रशिक्षण समेत | १५० | १२५ | ११० |
| छ. नर्सिङ, सि. एम. ए., एच. ए. प्रशिक्षण समेत | १५० | १२५ | ११० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| ज. एजुकेसनल कन्सल्टेन्सी सेवा | १५० | १२५ | ११० |
| झ. कम्प्यूटर इलेक्ट्रोनिक तालिम | १५० | १२५ | ११० |
| ञ. ड्राइभिङ इन्स्टिच्यूट | १५० | १२५ | ११० |
| ट. भाषा, शिक्षा, कोचिङ सेन्टर | १५० | १२५ | ११० |
| ठ. सामुदायिक विद्यालय | १५० | १२५ | ११० |
| **मर्मत संभार (कारखाना)** | | | |
| क. नयाँ बडी बनाउने | १५० | १२५ | ११० |
| ख. बडी मर्मत गर्ने | १५० | १२५ | ११० |
| ग. लेथ सेक्सन | १५० | १२५ | ११० |
| घ. टायर डिलर सोरुम | १५० | १२५ | ११० |
| ङ. टायर रिसोलिङ | १५० | १२५ | ११० |
| च. टायर पन्चर मर्मत | १५० | १२५ | ११० |
| छ. इन्जिन मर्मत | १५० | १२५ | ११० |
| ज. डेन्टिङ, पेन्टिङ तथा वेल्डिङ | १५० | १२५ | ११० |
| झ. पम्प सेक्सन मर्मत | १५० | १२५ | ११० |
| ञ. ब्याट्री इलेक्ट्रीक सेक्सन मर्मत | १५० | १२५ | ११० |
| ट. वासिङ सेक्सन | १०० | ६० | ४० |
| ठ. रिक्सा साईकल विक्री | १०० | ६० | ४० |
| ड. रिक्सा साइकल मर्मत | १०० | ६० | ४० |
| ढ. टि. भी., डेग, मोबाइल, फ्रिज मर्मत, कम्प्यूटर मर्मत | १०० | ६० | ४० |
| ण. रेडियो, घडी, क्याल्कुलेटर मर्मत | १०० | ६० | ४० |
| त. मोटरसाइकल वर्कसप | ५०० | ४०० | ३०० |
| थ. कम्पनी पट्टा, रेडियटर, ग्रिस, हेड मर्मत | १०० | ६० | ४० |
| द. जेनेरेटर, फ्रिज, मर्मत | १५० | १२५ | १०० |
| ध. गाडी वर्कसप ठूलो | १००० | ९०० | ८०० |
| न. गाडी वर्कसप सानो | ५०० | ४५० | ४०० |
| **अन्य सेवा** | | | |
| क. वैदेशिक रोजगार सेवा परामर्श दाता | ८० | ६० | ४० |
| ख. वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | ८० | ६० | ४० |
| ग. सेवा परामर्श दाता | ८० | ६० | ४० |
| घ. श्रमिक सेवा परामर्श दाता | ८० | ६० | ४० |
| ङ. सामान सहित श्रमिक सेवा परामर्श दाता | ८० | ६० | ४० |

| फोहर मैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | वजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| च. सेक्रेटरियल सेवा मात्र | ८० | ६० | ४० |
| **ड्राइ किल्निक, सैलुन तथा व्युटीपार्लर** | | | |
| क. व्यूटि पार्लर सेवा, तालिम सहितको (५ जनाभन्दा बढी कालिगड) | ३०० | २५० | २०० |
| ख. व्यूटी पार्लर सेवा | २०० | १५० | १०० |
| ग. कालिगड सहितको सैलुन सेवा (२ सिट माथि) | ३०० | २५० | २०० |
| घ. ड्राइक्लिनिक सेवा | १५० | १२५ | १०० |
| साईन बोर्ड आर्ट व्यवसाय | १५० | १०० | ८० |
| पशु वधशाला | ५०० | ४०० | ३०० |
| कुखुरा बधशाला | ५०० | ४०० | ३०० |
| माछा/मासु बिक्री पसल | ४०० | ३०० | २०० |
| फूल विरुवा पसल | ८० | ६० | ४० |
| भाँडा पसल तथा किचन सामग्री | १०० | ६० | ४० |
| खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल (शोरुम) | १०० | ६० | ४० |
| सिलाई मेशिन मर्मत तथा सिलाइ पसल | १०० | ६० | ४० |
| हाट बजार प्रति हाट बजार (हाट बजार ठेकेदार वा संस्था)ठेक्का गाउँपालिकाले लगाएको बाहेक | १००० | ८०० | ६०० |
| हाट बजार गाउँपालिकाले ठेक्का लगाएकोमा प्रति महिना | १००० | ८०० | ६०० |
| हाट बजार सरसफाइ को लागि प्रति व्यापारी प्रति हाटबजार | १० | १० | १० |
| ठेला व्यवसायी | १०० | ८० | ६० |
| माथि उल्लेख नभएका सरकारी तथा गैर सरकारी संस्था | १५० | १०० | ७५ |
| **माथि उल्लेख नभएका उद्योगहरुको हकमा** | | | |
| क. ठूला उद्योग | ४०० | ३०० | २०० |
| ख. मझौला उद्योग | ३०० | २०० | १०० |
| ग. साना उद्योग | १५० | १०० | ७५ |
| माथि उल्लेख नभएको अन्य पेसा व्यवसाय | १५० | १०० | ७५ |
| क्यान्टिन | १५० | १०० | ७५ |
| मेला सञ्चालन हाटबजार सरह | १००० | ८०० | ६०० |
| कवाडी पसल | २०० | १५० | १०० |

## अनुसूची -२

### कार्यविधिको दफा ६ (क) सँग  सम्बन्धित

### गाउँपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र सेवा शुल्क प्रयोजनको लागि निर्धारण गरेको बजार क्षेत्र, बजार उन्मुख क्षेत्र र ग्रामिण क्षेत्र

| वडा नं. | बजार क्षेत्र | बजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|
| ३,४ र ५ | - | गरगरे देखि हरैया र सोको १०० मिटर वरपरको क्षेत्र | - |
| १ | - | बेलभरिया क्षेत्र | - |
| २ | - | गजेडी क्षेत्र | |
| १ देखि ५ | - | - | अन्य सबै क्षेत्र |

**प्रमाणीकरण मितिः २०७८/०८/१३**

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
कञ्चन गाउँपालिका